स्वीकृत मिति :- २०८१।१२। २० गते

# प्रदेशस्तरीय पत्रकार तथा सञ्चार माध्यममा कार्यरत पत्रकारहरुका सङ्घ सङ्गठनहरूलाई अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना:** प्रदेशस्तरीय पत्रकार तथा सञ्चार माध्यम सञ्चालकका सङ्घ सङ्गठनहरूलाई कार्यक्रममा आधारित अनुदान उपलव्ध गराउने कार्यलाई व्यवस्थित, प्रतिस्पर्धी, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यले,

प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेशस्तरीय पत्रकार तथा सञ्चार माध्यममा कार्यरत पत्रकारहरुका सङ्घ सङ्गठनहरूलाई अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मन्त्रालयको तर्फबाट प्रदेशस्तरीय पत्रकार तथा सञ्चार माध्यममा कार्यरत पत्रकारहरुका सङ्घ सङ्गठनहरुलाई अनुदान शीर्षकमा रहेको कार्यकम कार्यान्वयनको लागि प्रदान गरिने रकम सम्झनु पर्दछ।

(ख) "प्रस्ताव छनौट तथा अनुदान रकम वितरण समिति" भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।

(घ) "पत्रकार" भन्नाले प्रेस पास प्राप्त गरेका सञ्चार माध्यममा कार्यरत वा स्वतन्त्र रुपमा पत्रकारिता क्षेत्रमा कार्यरत पत्रकार सम्झनु पर्छ।

(ङ) "सङ्घ संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता एवम् नवीकरण भएका प्रदेशमा समेत कार्यक्षेत्र भइ सञ्चालन भएका विद्युतीय तथा छापामाध्यमहरु (टेलिभिजन, रेडियो, छापा, अनलाईन लगायतका) मार्फत पत्रकारिता तथा आमसञ्चार क्षेत्रसँग सम्बन्धित पत्रकार तथा सञ्चार माध्यममा गठित सङ्गठनलाई सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(छ) "मूल्याङ्कन समिति" भन्नाले दफा १० बमोजिमको मूल्याङ्कन समितिलाई सम्झनु पर्छ।

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल
Government of Bagmati Province Ministry of Internal Affairs and Law Hetauda, Nepal

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

(ज) "सचिव" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिवलाई सम्झनु पर्छ।

३. **<u>प्रस्ताव छनौट तथा अनुदान रकम वितरण समितिको गठनः</u>** (१) प्रदेश स्तरिय पत्रकार तथा सञ्चार माध्यमसंग सम्वन्धित संघ संस्थालाई अनुदान उपलव्ध गराउने सम्वन्धमा आवश्यक निर्णय तथा निर्देशन गर्न देहाय बमोजिमको प्रस्ताव छनौट तथा अनुदान रकम वितरण समिति गठन गरिनेछः-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) महाशाखा प्रमुख (कानून), आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) सञ्चार रजिष्ट्रार -सदस्य

(ङ) प्रमुख, प्रशासन तथा योजना महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले आवश्यक ठानेका विषयसँग सम्बन्धित बढीमा तीन जना व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समिति, दफा १० बमोजिमको मूल्याङ्कन समिति तथा उक्त समितिहरुको आमन्त्रित सदस्यहरुलाई प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ बमोजिम बैठक भत्ता तथा खाजा खर्च उपलब्ध गराउन सकिने छ।

४. **<u>प्रस्ताव छनौट तथा अनुदान रकम वितरण समितिको काम, कर्तव्य र अधिकारः</u>** प्रस्ताव छनोट तथा अनुदान रकम वितरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले सिफारिस गरेको प्रस्ताव वर्गीकरण गरी कार्यक्रम कार्यान्वयनका लागि बजेटको उपलब्धता र कार्यक्रमको औचित्यताको आधारमा अनुदान रकम बाँडफाँट गरी वितरणको लागि मन्त्रालयको सम्बन्धित शाखालाई निर्देशन दिने,

(ख) सम्झौता भएका संस्थाहरुले सम्झौता अनुसार कार्य सम्पादन भए नभएको विषयमा आवश्यकताअनुसार अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ग) मुल्याङ्कन समितिलाई आवश्यक निर्देशन तथा समन्वय गर्ने।

५. **<u>अनुदान रकमबाट सञ्चालन गर्न सकिने क्षेत्रहरुः</u>** यस कार्यविधि बमोजिम प्राप्त अनुदान देहाय बमोजिमका क्षेत्रमा खर्च गर्नु पर्नेछ।

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने मन्त्री

(क) भौतिक सामाग्री तथा प्रविधि खरिद तथा व्यवस्थापन,

(ख) जनशक्तिको क्षमता विकास,

(ग) बागमती प्रदेशका मौलिक तथा खोज पत्रकारितासँग सम्बन्धित विषयवस्तुको अध्ययन तथा अनुसन्धान।

६. <u>अनुदान उपलब्ध गराइने:</u> (१) मन्त्रालयले पत्रकार तथा सञ्चार माध्यमसङ्ग सम्वन्धित सङ्घ संस्थाहरूलाई दफा ५ वमोजिमका कार्यहरु सम्पादन गर्नका लागि प्रति संस्था अधिकतम पाँच लाख रुपैयाँसम्म अनुदान रकम उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त अनुदान रकममध्ये दफा ५ को खण्ड (क) वमोजिमको क्षेत्रमा २० प्रतिशत भन्दा बढी रकम खर्च गर्न पाइने छैन।

(३) उपदफा (१) बमोजिम अनुदान प्राप्त गर्ने सङ्घ संस्थाहरुले प्रस्तावित कार्यक्रमको कम्तीमा २० प्रतिशत रकम लागत साझेदारी बापत व्यहोर्नुपर्नेछ।

७. <u>सूचना आव्हानः</u> (१) मन्त्रालयले कार्यक्रम कार्यान्वयनका लागि बागमती प्रदेशभित्र रहेका पत्रकार तथा सञ्चारमाध्यमका सङ्घ संस्थाहरुलाई दफा ९ बमोजिमका कागजात सहित प्रस्ताव पेश गर्न १५ दिनको म्याद सहितको सूचना राष्ट्रिय दैनिक पत्रिका तथा मन्त्रालयको वेबसाईटमा प्रकाशित गर्नेछ।

८. <u>प्रस्ताव पेश गर्न सक्ने संस्थाहरुः</u> (१) देहाय बमोजिमका मापदण्ड पुगेका सङ्घ संस्थामात्र प्रस्ताव पेश गर्न योग्य हुनेछन:-

(क) बागमती प्रदेशमा क्रियाशील पत्रकार र सञ्चार माध्यमहरुको छाता सङ्गठन हुनुपर्ने,

(ख) बागमती प्रदेशका जिल्लाहरुमा शाखा बिस्तार भएको हुनुपर्ने,

(ग) वार्षिक रुपमा पत्रकार र सञ्चार माध्यमको हक हितमा विभिन्न गतिविधि गरेको हुनुपर्ने।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

९. <u>प्रस्ताव पेस गर्दा संलग्न गर्नु पर्ने कागजातहरूः</u> (१) कार्यक्रम सञ्चालन अनुदान प्राप्त गर्न चाहने सङ्घ संस्थाले देहाय बमोजिमका कागजातहरु संलग्न गरी अनुसूची-१ को ढाँचामा मन्त्रालयमा प्रस्ताव पेश गर्नुपर्नेछ।

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण समेत),

(ख) विधान/प्रवन्धपत्र वा सोही बमोजिमको कागजातको प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) लाभान्वित हुने अनुमानित संख्या,

(च) चालु आ.व.मा यस प्रकृतिको अनुदान नलिएको स्वघोषणा,

(छ) संस्थाको बैङ्क खाता नं. र बैकको ठेगाना,

(ज) गत आर्थिक वर्षमा पत्रकार र सञ्चार माध्यमको हकहितका लागि सञ्चालन गरेका कार्यक्रमको संक्षिप्त विवरण,

(झ) दफा ५ बमोजिमको क्षेत्र खुलाउने, कार्यक्रमको परिचय, कार्यक्रमको उदेश्य, कार्यक्रम अन्तरगत गरिने मुख्य क्रियाकलाप र अपेक्षित उपलब्धि, कार्यक्रमको कुल लागत अनुमान, लागत साझेदारी व्यहोर्ने सुनिश्चितता सहित कार्यक्रम प्रस्ताव।

(२) उपदफा (१) बमोजिमका कागजात पेस गर्दा संस्थाको छाप र सम्बन्धित संस्थाको प्रमुखले प्रमाणित गरेको हुनुपर्नेछ।

१०. <u>मूल्याङ्कन समितिको गठनः</u> (१) दफा ५, ८ र ९ बमोजिम प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गरी रीत पुगेका योग्य प्रस्तावहरु सिफारिस गर्न देहाय बमोजिमको समिति गठन गरिनेछः-

(क) प्रमुख, प्रशासन, योजना तथा सूचना समन्वय महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) कानून अधिकृत, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय -सदस्य

(ङ) प्रमुख, सञ्चार तथा सूचना प्रविधि शाखा, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले आवश्यक ठानेका विषयसँग सम्बन्धित बढीमा तीन जना व्याक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

११. <u>प्रस्ताव मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः</u> (१) दफा ५, ८ र ९ बमोजिम पेस भएका प्रस्ताव अध्ययन गरी योग्यता पुगेका प्रस्तावलाई अनुदान रकम निर्धारण तथा वितरणको लागि प्रस्ताव छनोट तथा अनुदान रकम वितरण समितिसमक्ष पेश गर्ने।

(२) सङ्घ संस्था छनोट गर्दा बागमती प्रदेशका आदिवासी जनजाति, अल्पसंख्यक समुदायका पत्रकारहरु सँगठित छाता सँगठनलाई प्राथमिकता दिइनेछ।

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

(३) प्रस्ताव छनोट तथा अनुदान रकम वितरण समितिले समय समयमा दिएका निर्देशन अनुसारका काम गर्ने।

१२. <u>सम्झौता गर्ने:</u> (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न छनौट भएका सङ्घ संस्थालाई कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गर्न दश दिनभित्र मन्त्रालयमा सम्पर्क गर्न टेलिफोन, अन्य संचारका साधन तथा मन्त्रालयको वेवसाईट मार्फत जानकारी गराउनु पर्नेछ।

(२) मन्त्रालयको सम्बन्धित् शाखाले मन्त्रालय र अनुदान प्राप्त गर्ने संस्थाबीच कार्यक्रम कार्यान्वयन तथा अनुदान प्रदान गर्ने सम्बन्धमा अनुसुची-२ को ढाँचामा सम्झौता गर्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र सम्झौता गर्न नआएका सङ्घ संस्थाहरुलाई मन्त्रालयले अनुदान उपलब्ध गराउन बाध्य हुने छैन।

१३. <u>अनुदान रकम भुक्तानी:</u> (१) अनुदान प्राप्त गर्ने सङ्घ संस्थाले प्रस्तावमा उल्लेख भएको कार्य सम्पन्न भए पश्चात आवश्यक बिल भर्पाई कागजात सहित कार्य सम्पन्न प्रतिवेदनको आधारमा २०८२ जेष्ठ मसान्त भित्र अन्तिम भुक्तानीको लागि मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम भुक्तानी माग गर्ने सङ्घ संस्थालाई मन्त्रालयले अनुदान रकम भुक्तानी गर्दा प्राप्त बिल भर्पाईको आधारमा सम्बन्धित सङ्घ संस्थाको बैंक खातामा एकमुष्ट अनुदान रकम उपलब्ध गराउनेछ।

१४. <u>प्रगति प्रतिवेदन तथा लेखापरीक्षण:</u> (१) कार्यक्रम सञ्चालनका लागि छनौट भएका सङ्घ संस्थाले कार्यक्रम सञ्चालन गरेपश्चात एकीकृत प्रगति प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

(२) सम्बन्धित सङ्घ संस्थाले प्रचलित कानून बमोजिम अनुदान खर्चको लेखापरीक्षण गरी लेखापरीक्षण प्रतिवेदन यस मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१५. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधि कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१६. <u>संशोधन:</u> मन्त्रालयले थप आर्थिक दायित्व पर्ने विषय क्षेत्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई यो कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

अनुसूची- १

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**अनुदान लिन चाहने प्रदेशस्तरीय पत्रकार तथा सञ्चार माध्यममा कार्यरत पत्रकारहरुका सङ्घ सङ्गठनहरूले दिने निवेदनको ढाँचा**

यस मन्त्रालयबाट ......... कार्यक्रम अन्तर्गत भौतिक सामाग्री तथा प्रविधि खरिद तथा व्यवस्थापन, जनशक्तिको क्षमता विकास, बागमती प्रदेशका मौलिक तथा खोज पत्रकारितासँग सम्बन्धित विषयवस्तुको अध्ययन तथा अनुसन्धानको लागि मिति .... को पत्रिकामा भएको सूचना अनुदान प्राप्त गरी कार्यक्रम संचालन गर्न ईच्छुक भएकोले माग भएको देहाय बमोजिमको विवरण तथा संलग्न कागजात सहित यो निवेदन पेस गरेको छु/छौं।

१. नामः

२. ठेगानाः

३. अनुदान लिन चाहेको क्षेत्र/कार्यः

४. अनुदान लिन चाहेको कार्यक्रमको विवरणः

(क) कार्यक्रमको परिचयः

(ख) कार्यक्रमको उद्देश्यः

(ग) कार्यक्रम अन्तरगत गरिने मुख्य मुख्य क्रियाकलापः

(घ) कार्यक्रमको कूल लागत अनुमानः

(ङ) लागत साझेदारीको रकमः

(च) कार्यक्रमको उपलब्धीः

(छ) लाभान्वित हुने अनुमानित संख्या,

(ज) संस्थाको बैङ्क खाता नं. र बैकको ठेगाना,

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

५. चालु आ.व.मा यसै प्रकृतिको अनुदान नलिएको स्वघोषणाः

६. गत आ.व.मा यसै प्रकृतिको अनुदानबाट कार्यक्रम सम्पन्न भएको भए सो को संक्षिप्त प्रगति विवरणः

७. निवेदनसँग सलग्न गर्नु पर्ने कागजातहरु

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण समेत),

(ख) कर दर्ता प्रमाणपत्र, आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) विधान/प्रवन्धपत्र वा सोही बमोजिमको कागजातको प्रतिलिपि,

ना. सुरज चन्द्र लामिछाने

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) आवश्यक भएमा सम्बन्धित निकायको सिफारिस,

(च) बागमती प्रदेश भित्र विस्तार गरिएको शाखाहरुको विवरण पुष्टि हुने कागजातः

(छ) वार्षिक रुपमा पत्रकार र सञ्चार माध्यमको हक हितमा विभिन्न गतिविधि गरेको पुष्टि हुने कागजानः

सम्पर्क न. :

छाप/हस्ताक्षरः

मितिः ...............

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

# अनुसूची- २

(दफा १२ सँग सम्बन्धित)

## सम्झौता पत्रको ढाँचा

आन्तरिक मामिला तथा कानून मन्त्रालय (यस पछि पहिलो पक्ष भनिएको) र......................संस्था (यस पछि दोस्रो पक्ष भनिएको) का बीच ...............कार्यका लागि प्रथम पक्षले उपलब्ध गराएको अनुदान रकम र आफ्नो तर्फबाट लगानी गर्ने ........प्रतिशत रकमबाट...................कार्य गर्ने गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही दुवै पक्षको सहमतिमा हस्ताक्षर गरी सम्झौता लियौं दियौं।

तपशिलः

शर्तहरुः

१. दोस्रो पक्षले प्राप्त गरेको अनुदान रकम यस कार्यविधिको अधीनमा रही भौतिक सामाग्री तथा प्रविधि व्यवस्थापन, जनशक्तिको क्षमता विकास र बागमती प्रदेशका मौलिक तथा खोज पत्रकारितासँग सम्बन्धित विषयवस्तुको अध्ययन तथा अनुसन्धानको लागि उपयोग गर्नुपर्नेछ।
२. अनुदान रकमबाट तलब, भत्ता लगायतका प्रशासनिक तथा साधारण खर्च गर्न सकिने छैन,
३. अनुदानग्राही सङ्घसंस्थाले खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्नुपर्नेछ,
४. दोस्रो पक्षले सङ्घ संस्थाले प्रस्तावमा उल्लेख भएको कार्य सम्पन्न भए पश्चात आवश्यक बिल भर्पाई कागजात सहित कार्य सम्पन्न प्रतिवेदनको आधारमा २०८२ जेष्ठ मसान्त भित्र अन्तिम भुक्तानीको लागि मन्त्रालयसमक्ष पेश गर्नुपर्नेछ।
५. अनुदान रकम उपलब्ध गराइएका संस्थाहरुले अनुदानसँग सम्बन्धित कार्यक्रमहरु गरे, नगरेको सम्बन्धमा प्रस्ताव छनोट तथा अनुदान रकम वितरण समितिले अनुगमन गर्न/गराउन सक्नेछ।
६. अनुगमनको क्रममा दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको पाईएमा मन्त्रालयले अनुदान रकम रोक्का गर्न सक्नेछ।
७. दोस्रो पक्षले उत्पादन तथा प्रशारण सम्बन्धी कार्य गरेमा उत्पादित/प्रसारित सामग्रीको प्रति पहिलो पक्षलाई उपलब्ध गराउनुपर्नेछ।
८. कार्यविधि बमोजिमको अनुदान रकम पहिलो पक्षले दोस्रो पक्षलाई सोही आर्थिक वर्ष भित्र उपलब्ध गराइसक्नेछ र रकम उपलब्ध गराउँदा पहिलो पक्षले आवश्यक कागजात माग गर्न सक्नेछ।
९. आवश्यकतानुसार दुवै पक्षको सहमतिमा शर्तहरु थपघट गर्न सकिनेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |

मा. सुरज चन्द्र लामिछाने

दस्तखतः

सङ्घ संस्थाः

ठेगानाः

छापः

<u>दोस्रो पक्षका साक्षीः</u>

नामः

पदः

दस्तखतः

दस्तखतः

कार्यालयः

ठेगानाः

छापः

<u>प्रथम पक्षका साक्षी</u>

नामः

पदः

दस्तखतः

इति सम्वत् २०८.. साल ......... महिना ...........गते रोज.......... शुभम्..................................।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने
मन्त्री